# ईश्वरको विलाप

— डा॰ मधु 'माधुर्य'

आर्यघाट ...
छाती पिटीपिटी रोइरहेछिन् आमा
एक्लो बच्चो गुमाएको शोकमा
बिचरा अदृश्य ईश्वर —
एक्लो बच्चोलाई बचाउन नसकेको
स्वअभियोग र आत्मग्लानीको सन्तापमा जलेर
सुन्नै नसकिने चित्कार छाडेर रोइरहेछ
त्यहि आँसु बागमती बगिरहेछ !

मान्छे ...
मंगल ग्रहको नेपथ्यबाट
ब्रह्माण्डमा ईश्वर नभेटेको घोषणा गरिरहेछ
'मस्तिष्कभित्र कहाँ के खुस्क्यो ?'
भोकाएर ईश्वर पातपूर्जी खोजिरहेछ
अप्रेशन थियटरमा लम्पसार मान्छे
'हरे राम ... हरे कृष्ण ...' जपिरहेछ, जपिरहेछ !

नेपालको यात्रा ...
सर्वत्र आफ्नै खोर — मन्दिरै मन्दिर !!
पाइला टेक्ने ठाउँ नदेखेर
ईश्वर दिउँसै बहुलाई रहेछ
मन्दिरको आगनमा बम, ढुँडालमा गोली
'ॐ शान्ति' जिस्क्याइ रहेको देखेर
निलो आकाशमा बादल हराए झैं
ईश्वरको होस एकाएक हराई रहेछ !

भूपरिवेष्टित देश ...
हिउँ जमेको आँसु — 'सगरमाथा' भूगोलमा हुँदै थ्यो'
रगतको प्रशान्त महासागर कहाँबाट आयो ?
नबुझेर रहस्य आफ्नै सृष्टिको
ईश्वर मुर्छा मुर्छा परिरहेछ !

आर्यघाट मान्छेको
यात्रा देशको
ईश्वर —
मुर्छा परि परि रोइरहेछ
त्यहि आँसु —
बागमती बगिरहेछ !

April 13, 2004
specially for ipatra.com